**भारतीय राजदूतावास**

**काठमाडौं**

# प्रेस विज्ञप्ति

## झापामा विद्यालय भवनको शिलान्यास समारोह

नेपालको कोशी प्रदेशको झापा जिल्लाको गौरादह नगरपालिका-१ मा श्री जनता माध्यमिक विद्यालयको भवन निर्माणका लागि आज कोशी प्रदेशका माननीय मुख्यमन्त्री श्री हिक्मत कुमार कार्की, भारतीय राजदूतावास, काठमाडौंका काउन्सलर श्री गीतांजलि ब्रैंडन र गौरादह नगरपालिकाका मेयर श्री छत्रपति सुबेदीले संयुक्त रुपमा शिलान्यास गर्नुभयो ।

२. भारत सरकारको आर्थिक सहयोग करिब नेरु.५.८ करोडमा यो विद्यालय भवनको निर्माण हुन लागेको हो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना झापाको गौरादह नगरपालिकामार्फत कार्यान्वयन गरिनेछ ।

३. कोशी प्रदेशका मुख्यमन्त्री तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो र नयाँ संरचनाले गौरादह नगरपालिकामा विद्यार्थी र शिक्षकहरुका लागि सिकाईको वातावरण सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

४. नजिकका छिमेकीको रुपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं

२०८३ वैशाख १०